# स्थानीय तह निर्वाचन, २०७९ वाट
# ईन्द्रावती गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको कार्यकालको
# प्रथम वर्षको उपलव्धि सार्वजनिकीकरण
# कार्यक्रम

मिति २०८०।०२।०९ गते

ईन्द्रावती गाउँपालिकाका उपाध्यक्ष ज्यु , वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु , सम्पूर्ण कर्मचारीसाथीहरु, सम्पुर्ण गाउपालिकावाशी आमा, वुवा, दाजु, भाई दिदि वहिनीहरु, संचारकर्मी एवं आजको यस एक वर्षे प्रगति प्रतिवेदन सार्वजनिक समारोहमा उपस्थित सम्पुर्ण महानुभावहरुमा म विहानपखको हार्दिक अभिवादन व्यक्त गर्दछु ।

स्थानीय तहको दोस्रो निर्वाचनवाट ईन्द्रावती गाउँपालिकाका जनप्रतिनिधिको रुपमा हामीले काम सुरु गरेको आज एक वर्ष पुरा भएको छ । यस अवशरमा सम्पुर्ण गाउँपालिकावाशीहरुप्रति हामी अन्तर ह्द्यदेखि नै हार्दिक आभार व्यक्त गर्दछौ ।

यतिवेला म मुलुकको राष्ट्रिय, स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्टहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गरिएका एतिहासिक जनआन्दोलन, सशत्र संघर्ष लगायत विभिन्न चरणमा भएका आन्दोलन, त्याग र वलिदानको स्मरण गर्दै ज्ञात, आज्ञात सहिदहरु, वेपत्ता र पिडित नागरिक प्रति उच्च सम्मान प्रकट गर्दछु ।

निर्वाचनको एक वर्षको अवधिमा हाम्रो नेतृत्वमा गाउँपालिकालाई समृद्ध, आधुनिक , गतिशिल ,व्यवस्थित र सुशासन तर्फ केन्द्रित गर्न भएका सेवा प्रवाह र विकास निर्माण कार्यहरुलाई सवै गाउँपालिकावाशी सामु सार्वजनिक गर्न गइरहेका छौ । हामीले हाम्रो घोषणा पत्रमा उल्लेख गरेका वाचाहरु, संघीय सरकार, प्रदेश सरकार र ईन्द्रावती

गाउँपालिकाको दिर्घकालीन सोच, गाउँपालिकाको  वार्षिक नीति तथा कार्यक्रममा समावेश गरीएका अन्तरवस्तुहरु, गाउँपालिकाको दिर्धकालीन गुरुयोजना, आवधिक योजना, मध्यमकालीन खर्च संरचना,  क्षेत्रगत योजना , सडक गुरुयोजना, क्षमता विकास कार्ययोजना ,लैगीक समानता तथा सामाजिक समावेशीकरण नीति , लैगिक उत्तरदायी वजेट , दिगो विकासका लक्ष्यहरु , लगायतका सवै विषयवस्तुहरुलाई मध्ये नजर गर्दै हामीले सहभागितामुलक रुपमा योजना तथा कार्यक्रमको निर्माण गरि कार्यान्वयन गरेका छौ । यिनै विषयवस्तुमा अन्तरनिहित रहेर हामिले एक वर्षको अवधिमा सम्पादन भएका मुख्य मुख्य कार्यहरुलाई सार्वजनिक गर्न गईरहेका छौ ।

नेपालको राष्टिय हित, आर्थिक, सामाजिक न्याय सहितको लोकतान्त्रीक मुल्य र मान्यतामा आधारित समाजवाद उन्मुख शासन प्रणाली प्रति प्रतिवद्ध रहदै समुन्नत संघिय शासन प्रणालीको माध्यमवाट न्यायपुर्ण , विभेद रहित समतामुलक , सवल र समृद्ध समावेशी विकास सहितको ईन्द्रावती गाउँपालिका निर्माण गर्न हामि सवैको प्रमुख दायित्व हो । ईन्द्रावती गाउँपालिका समृद्धीको आधार शिक्षा, स्वास्थ्य, कृषि ,पर्यटन र पुर्वाधार ईन्द्रावती समृद्धीको आधार भन्ने मुल मन्त्रलाई आत्म साथ गर्दै यस गाउँपालिकाको शिक्षा, स्वास्थ्य ,कृषि, पर्यटन पुर्वाधारको संयोजनवाट समृद्ध ईन्द्रावतीको परिकल्पनालाई साकार पार्नु पर्ने अवस्था छ । यस  नविन कार्यका लागि हामी सवै जनप्रतिनिधिहरु अहोरात्र खटिरहेका छौ । सुशासन, पारदषिता, दिगो विकास र वातावरणमैत्री पूर्वाधारको निर्माणको माध्यामवाट  सफा ,सुन्दर, समुन्नत ईन्द्रावती निर्माण गर्ने अठोट गरेका छौ ।

विभिन्न खालका आन्तरिक एवं वाह्यय समस्याहरु, जटिलताहरु, अवरोधहरु र विभिन्न खाले विपदका कारणवाट सृजित समस्याहरुसँग जुध्दै , सुझवुझपुर्ण रुपमा पुननिर्माणको कार्य गर्दे, हामीले एक वर्षे कार्यकाल पुरा गरेका छौ उक्त एक वर्षे अवधिमा सम्पादन भएका मुख्य मुख्य कार्यहरुलाई क्षेत्रगत आधारमा देहाय अनुसार प्रस्तुत गर्दछु।

**तपशिल**

## १ सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलब्धी | यस वर्षमा हाल सम्मको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | ई – हाजिरिको व्यवस्था | आंसिक रुपमा कार्यान्वयनमा रहेको थियो । | सबै वडा कार्यालय तथा पालिकामा E - हाजिरिको व्यवस्था गरी सोहि बमोजिम कर्मचारीहरुको अभिलेख व्यवस्थापन गरिएको छ । | |
| २ | ई - गभरमेन्टको अवधारणा तर्फ अग्रसर | योजना सफ्टवेयर मात्र कार्यान्वयनमा रहेको थियो । | शाखागत रुपमा प्रवाह हुने सबै किसिमका सार्वजनिक सेवाहरुलाई IT Friendly (प्रविधी मैत्री) बनाउन योजना, राजश्व, दर्ता-चलानी, पञ्जिकरण तथा उधोग व्यवसाय, संघ संस्था, सहकारी दर्ता नविकरण कार्य Online Software मार्फत पूर्ण रुपमा कार्यान्वयन भएको छ । | |
| ३ | कर्मचारीहरुलाई क्षमता विकास तालिम | नभएको | वडा तथा पालिकामा कार्यरत कर्मचारीहरुलाई E-Governance को लागि दक्ष बनाउने उद्धेश्यले २ दिने सूचना प्रविधी तथा Computer सिप सम्बन्धी तालिम प्रदान गरिएको छ । | |
| ४ | सार्वजनिक सुनुवाई | निरन्तरता | प्रत्येक वडा तथा पालिका स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम भइरहेको छ । | |
| ५ | निर्णय सार्वजनिक गर्ने गरिएको | नगरिएको | प्रत्येक कार्यपालिका तथा सभाका निर्णयहरु बैठक सम्पन्न भएको २४ घण्टा भित्र गाउँपालिकाको Website मा अपलोड गर्ने गरिएको छ । | |
| ६ | सक्रिय विषयगत समिति | निष्कृय रहेको | विषयगत समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७६ बमोजिम विषयगत समितिहरु सक्रिय गराइएको छ । | |
| ७ | सार्वजनिक सेवा प्रवाह सम्बन्धि नागरिक वडा पत्रको व्यवस्था | नभएको | पालिका भित्र सबै शाखा तथा वडाहरुबाट प्रवाह हुने सेवा सम्बन्धी सेवा प्रवाह नागरिक वडा पत्रको अनिवार्य व्यवस्था गरिएको छ । | |
| १० | कार्यसम्पादन सम्झौता गरिएको | नभएको | गा.पा. अध्यक्ष संग प्र.प्र.अ र प्र.प्र.अ संग शाखा प्रमुखहरुको कार्यसम्पादन सम्झौता गरिएको र सोहि बमोजिम कर्मचारीहरुको का.स.मु मुल्यांकन गर्ने परिपाटिको विकास भएको छ । | |
| ११ | जिम्मेवारी तोकिएको | | गाउँपालिकाको प्रवक्ता, गुनासो सुनुवाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकारी, तथा सूचना अधिकारीको जिम्मेवारी तोकि सवही बमोजिम कार्य सम्पादन भएको छ । | |
| १२ | सेवा करारमा कर्मचारी व्वस्थापन | निरन्तर | तत्कालै सेवा प्रवाह गर्न सेवा करारमा विभिन्न तह र पदका रिक्त दरबन्दि अनुसार कर्मचारी व्यवस्थापन गरिएको छ । | |
| १३ | लोक सेवा आयोगमा पदपूर्तीको लागि माग | आंसिक | गा.पा. तथा अन्तरगत स्वीकृत दरवन्दीमा रिक्त रहेको प्राविधिक तथा अप्राविधिक सबै पदहरुमा स्थायी कर्मचारी व्यवस्थापनको लागि प्रदेश लोक सेवा आयोगमा पदपुर्तिका लागि माग गरिएको छ। | |
| १४ | प्रगति समिक्षा | वार्षिक रुपमा मात्र | गाउँपालिकाको प्रगति प्रतिवेदन नियमित त्रैमासिक रुपमा गर्ने गरिएको छ । | |
| १५ | जनप्रतिनिधी-कर्मचारी संयुक्त बैठक | नभएको | जनप्रतिनिधी संग कर्मचारी संयुक्त बैठक को अभ्यास गरि नीति निर्माण र कार्यान्वयन तथा समग्र समन्वय तथा सहकार्यमा जोड दिने अभ्यास गरिएको छ । | |
| १६ | नागरिक सेवा प्रवाह सन्तुष्टि फारम | नभएको | गा पा को सार्वजनिक स्वा प्रवाह सम्बन्धि नागरिकहरुको धारण तथा सुफाव संकलन गरी तद्अनुरुप सेवाप्रवाहमा सुधार गर्ने प्रयास स्वरुप नागरिक सेवा प्रवाह सन्तुष्ट फारामको व्यवस्था गरि प्रभावकारी कार्यान्वयनको अभ्यास गरिएको छ । | |
| १७ | आ.व. २०७८।०७९ को LISA मा ९५% नतिजा प्राप्त भएको | ६७.२५ % मात्र | आ. व. २०७८।७९ को स्थानीय तह संस्थागत क्षमता स्व-मुल्यांकनमा गाउँपालिकाले उच्चतम् नतिजा **९५ %** प्राप्त गर्न सफल भएको छ । | |

## २. भवन तथा पुर्वाधार तर्फ

हामी निर्वाचित भएको एक वर्षको अवधिमा भवन तथा पूर्वाधार निर्माण तर्फ देहाय वमोजिमका कार्यहरु सम्पन्न भएका छन् ।

### क) भवन तथा अन्य सार्वजनिक निर्माण तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासनिक भवन | १ | | |
| २ | अस्पताल भवन | ० | | |
| ३ | स्वास्थ्य चौकी भवन | ० | १ वटा | |
| ४ | सामुदायिक भवन | १३ वटा | १९ वटा | |
| ५ | विद्यालय भवन | ३ वटा | २ वटा | |
| ६ | सार्वजनिक सौचालय | १ वटा | २ वटा | |
| ७ | मन्दिर | ३३ वटा | २८ वटा | |
| ८ | सत्तल | २० वटा | ७ वटा | |
| ९ | दाहसस्कार स्थल | ९ वटा | ४ वटा | |
| १० | गुम्बा तथा छोर्तेङ | २ वटा | २ वटा | |
| ११ | प्रतिक्षालय तथा चौतारी | २१ वटा | २० वटा | |
| १२ | खेलमैदान | ७ वटा | ५ वटा | |
| १३ | पार्क | ४ वटा | १ वटा | |

### (ख) सडक निर्माण

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | सडक कालोपत्रे | ० | ९८५ मि सम्पन्न र ६००० मि हुदै | |
| २ | सडक ढलान | ५५५ मि | ४८३ मि | |
| ३ | कजवे | ४ वटा | ९ वटा | |
| ४ | सडक ग्राभेल | १०.३ कि.मि | १८ कि.मि | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सडक सोलिङ | ३.६ कि.मि | ५.३ कि.मि | |
| ६ | पक्की नाला | १७.६ कि.मि | ९.४ कि.मि | |
| ७ | स्टोन मेशिनरी वाल निर्माण | २७९३.५१ घ.मि | ३१७३ घ.मि | |
| ८ | ग्याविन वाल | ६३७२ घ.मि | ६८५० घ.मि | |
| ९ | हिम पाइप | ३७२ मि | ७६१ मि | |
| १० | सडक विस्तार | १८.३९ कि.मि | २०।५८ कि.मि | |
| ११ | नयाँ ट्रेक | १८.५३ कि.मि | ११।८ कि.मि | |

### (ग) खानेपानी तथा सिंचाई तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | घरधुरी तथा धारा | ६८७ धारा | ३८२ धारा | |
| २ | टेङ्की | १६ वटा | १४ वटा | |
| ३ | ईन्टेक | ४ वटा | २२ वटा | |
| ४ | डि.सी | १ वटा | १ वटा | |
| ५ | पाइपलाइन | ५३.९ कि.मि | ४९.६ कि.मी | |
| ६ | सिन्चाइ टेङ्की | ११ वटा | १४ वटा | |
| ७ | आर.सि.सि कुलो | १०९३ मि | ११२१ मि | |
| ८ | मेसिनरी कुलो | ५७.६ मि | २०० मि | |
| ९ | सिन्चाइ पाइप | ५६३६ मि | ६८५७ मि | |

### (घ) भुमि व्यवस्थापन तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | भु उपयोग परिषदको गठन | नभएको | गाउँपालिका भित्रका कृषि र गैर कृषि क्षेत्रका जग्गाहरुको वर्गिकरण गर्ने कार्य गरिएको छ भने जग्गा वर्गिकरण गर्ने कार्य सुरु गरिएको छ । | |

### ङ) पर्यटन पूर्वाधार तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | रानीओडार | | १ | |

## ३ योजना कार्यान्वयन

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | योजना कार्यान्वयनको अवस्था | विगतमा यस अवधि सम्म प्रगति प्रतिशत ५०-६० % मात्र हुने गरेको | चालु आ.व.२०७९।०८० को बजेट तथा कार्यक्रम बमोजिम विनियोजित योजनाहरु मध्ये हाल सम्म ७४% योजनाहरुको काम सम्पन्न भएको छ । | |

## ४ शिक्षा तथा खेलकुद

### (क) शिक्षा तर्फ

| **क.स** | **विषयक्षेत्र** | **यस अवधिमा अघिल्लो वर्षको उपलव्धी** | **यस वर्षमा हाल सम्मको उपलव्धी** | **कैफियत** |
|---|---|---|---|---|
| १ | बालमैत्रि बालविकास कक्षाकोठा व्यबस्थापन (कार्पेट, टेवल, कुसन बुककर्नर ) | २ वटा विद्यालयमा मात्र | ११ वटा विद्यालयका ११ वटा बालविकास कक्षाकोठा बालमैत्रि वातावरण सहति व्यबस्थापन गरिएको | |
| २ | माध्यमिक विद्यालयमा SAS लागु (अनलाइन लेखा प्रणाली) | कुनै पनि विद्यालयले लागु नगरेको | १२ मध्य १० वटा विद्यालयमा यस आ व मा लागु गरिएको | |
| ३ | विद्यालय दिवा खाजा थप अनुदान गापा श्रोत कक्षा बालविकास देखि ६ सम्मका विद्याथीको लागि) | लागु नभएको | यस आ व मा प्रति विद्यार्थी प्रति दिन रु २ थप गरि दिवाखाजा कार्यक्रम लागु गरिएको | |
| ४ | आधारभूत शिक्षा उर्तीण | शैक्षिक सत्र २०७८ मा | शैक्षिक सत्र २०७९ मा कक्षा ८ मा | |

| | | | | |
|---|---|---|---|---|
| | परीक्षाको नतिजा कक्षा ८ | कक्षा ८ मा ३२ जना विद्यार्थीमात्र न्यूनतम ग्रेड प्राप्त गरेको | ६९ जना विद्यार्थीले न्यूनतम ग्रेड प्राप्त गरेको | |
| ५ | बालविकास सहजकर्ता क्षमता विकास तालिम | विगतमा यस प्रकारका कार्यक्रम सञ्चालन नगरिएको | यस आ व मा ५२ वटा बालविकास सहजकर्ता मध्य पहलो चरणमा २७ जना सहजकर्तालाई ७ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको | |
| ६ | विद्यालय लक्षित अतिरिक्त क्रियाकलाप (डिजिटल हाजीरी जवाफ, भलिवल,वक्तित्वकला) | अघिल्लो आ व मा ३ वटा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको | चालु आ व मा ५ वटा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको | |
| ७ | विद्यालय प्रधानाध्यापक भत्ता थप गाउँपालिका श्रोत | कार्यक्रम लागु नभएको | यस आ व मा प्रति महिना ५०० प्र अ भत्ता थप गरिएको | |
| ८ | टुहुरा बालबालिका संग अध्यक्ष कार्यक्रम (बुवा आमा दुवै नभएका विद्यार्थीहरुको लागि शैक्षिक कार्यक्रम) | लागु नभएको | यस आ व मा यस गाउँपालिका अर्न्तगतका बावुआमा नभएका बालबालिकाको पठनपाठनका लागि अध्यक्ष संग टुहुरा बालबालिका कार्यक्रम लागु भई १३ जना बालबालिका लाभान्वित भएको | |
| ९ | ल्यापटप नभएका विद्यालयमा ल्यापटप वितरण कार्यक्रम(डिजीटल सिकाईको लागि) | गत आ व मा यो कार्यक्रम लागु नभएको | ११ वटा आधारभूत तहका हाल सम्म ल्यापटप प्राप्त नगरेका विद्यालयहरुलाई ल्यापटप वितरण गरिएको | |
| १० | सेनेटरि प्याड भेन्डिङ मेसिन वितरण(कक्षा ६ देखि १२ सम्मका छात्राहरुको लागि) | गत आ व मा कुनै पनि विद्यालयमा भेन्डिङ मेसिन नभएको | यस आ व मा सबै (१९ वटा) विद्यालयमा छात्राहरुलाई सेनेटरि प्याड वितरणमा सहजताको लागि भेन्डिङ मेसिन वितरण गरिएको | |
| ११ | खेलकुद सामाग्री तथा विद्यालय बुक कर्नर व्यबस्थापन( मादल, खैजडी, पियानो, वल ,सन्दर्भ सामाग्री) | अघिल्लो आ व मा संघीय सरकारको अनुदान रकम मात्र बुक कर्नरमा खर्च गरिएको | यस आ व मा सबै सामुदायिक विद्यालयको आधारभूत तहमा खेलकुद सामाग्री वितरण तथा गाउँपालिकाले सबै विद्यालयमा बुक कर्नर अनिवार्य गरि थप बजेट व्यबस्था गरेको | |
| १२ | ईन्द्रावती गाउँपालिकाको पञ्चबर्षिय शिक्षा योजना तथा नीति निमार्ण | तयार नभएको | यस आ व मा पञ्चबर्षिय शिक्षा योजना तथा गाउँपालिकाको शिक्षा नीति स्वीकृत भई लागु गरिएको | |
| १३ | विद्यालय र बालविकास समायोजन (विद्यार्थी संङ्ख्या कम | अघिल्लो आ व मा समायोजन गर्न नसकिएको | यस आ व मा २ वटा विद्यालय र ३ वटा बालविकास समायोजन गरिएको | |

| | | | | |
|---|---|---|---|---|
| | भएका विद्यालय तथा बाविके) | | | |
| १४ | माध्यमिक तह विषयगत शिक्षक व्यबस्थापन ( गणित, अंङ्ग्रेजी र विज्ञान) | प्रस्तावित ६ वटा माध्यमिक विद्यालयमा विषयगत शिक्षक व्यबस्थापन गर्न नसकिएको | सबै माध्यमिक विद्यालयमा विषयगत शिक्षक व्यबस्थापन ( गणित अंङ्ग्रेजी र विज्ञान) भई पठनपाठनमा सहजता भएको | |
| १५ | विद्यालय अनुगमन शिक्षक डायरि र विद्यार्थी निन्तर मूल्याङ्कन कार्यक्रम | गत आ व मा लागु गरिएको | यस आ व मा समेत कार्यक्रम निरन्तरता प्रदान गरिएको | |
| १६ | बालविकास सहजकर्ता पारिश्रमिक व्यबस्थापन( संघीय सरकार बाट १०००० मात्र प्रदान गरिएको ) | गत आ व मा नेपाल सरकारले तोकेको न्यूनतम बालविकास सहजकर्ताको पारिश्रमिक व्यबस्थापन गर्न नसकिएको | यस आ व मा बालविकास सहजकर्ताको लागि नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक रु १५००० हजार पुऱ्याउन गाउँपालिकाले आफ्नै श्रोत बाट व्यबस्थापन गरेको | |
| १७ | स्थायी शिक्षक पदस्थापन | गत आ व मा स्थायी शिक्षक पदस्थापन नभएको | यस आ व मा सबै तह र विषयका गरि ३७ जना स्थायी शिक्षक पदस्थापन गरिएको | |
| १८ | सामुदायिक विद्यालय कम्प्युटर तथा प्रिन्टर मर्मत (विग्रेर प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको) | कार्यक्रम नरहेको | यस आ व मा सबै सामुदायिक विद्यालयमा करिव २७४ वटा कम्प्युटर तथा प्रिन्टर मर्मत तथा सम्भार गरेको | |
| १९ | प्रअ कार्यसम्पादन करार सम्झौता (५० वुदे करार सम्झौता) | नगरिएको | यस आ व मा सबै सामुदायिक विद्यालयका प्रअ हरु संग कार्यसम्पादन करार सम्झौता गरि कार्यान्वयन गरिएको | |
| २० | विव्यस तथा शिक्षक अभिभावक संघ क्षमता विकास | नगरिएको | यस आ व मा सबै सामुदायिक विद्यालयका विद्यालय व्यबस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघका सयोजकाको लागि १ दिने क्षमता विकास तालिम सञ्चालन | |

## (ख) खेलकुद तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलब्धी | यस वर्षमा हाल सम्मको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता ( माध्यमिक विद्यालय स्तरमा) | गत आ व मा पालिका स्तरमा मात्र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिएको | यस आ व मा पालिका स्तरमा र जिल्ला स्तरमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिएको र गाउँपालिकाले सहभागिता जनाएको | |
| २ | अध्यक्ष कप रनिङ शिल्ड प्रतियोगिता | निरन्तर | निरन्तर | |

## ५ स्वास्थ्य तर्फ

| **क.स** | **विषयक्षेत्र** | **यस अवधिमा अघिल्लो वर्षको उपलब्धी** | **यस वर्षमा हाल सम्मको उपलब्धी** | **कैफियत** |
|---|---|---|---|---|
| १ | म.स्वा.स्व.से. प्रोत्साहन | म.स्वा.से.हरूलाई थप मासिक यातायत खर्च रू १०००।० तथा मासिक वैठकमा खाजा खर्च रू २०००।० | म.स्वा.से.हरूलाई थप मासिक यातायत खर्च रू १०००।० तथा मासिक वैठकमा खाजा खर्च रू २०००।० र आमा समुहमा खाजा खर्च रू १०००।० व्यवस्था गरिएको । | |
| २ | सुत्केरी संग उपाध्यक्ष कार्यक्रम | नभएको | सुत्केरी संग उपाध्यक्ष कार्यक्रम र स्वास्थ्य संस्थामा अण्डा घर घरमा झन्डा र थप पोषण सामाग्री को लागि नगद रू १०००।०, अण्डा १ क्रेट रू ५००।० र १ के.जि. क्वाटी रू ३००।० उपलब्ध गराईएको । | |
| ३ | आंखा केन्द्र संचालन | नभएको | नवलपुर प्राथमीक अस्पतालमा इन्द्रावती ग्रामीण आंखा केन्द्र संचालन गरिएको । | |
| ४ | मोतिविन्दु निशुल्क शल्यक्रिया शिविरमा | नभएको | मिति २०७९ मघ ८ देखि १० गते मोतिविन्दु अप्रेशन शिविरमा निशुल्क अप्रेशन तथा अप्रेशन गरेकालाई नगद रू २०००।० र व्लयाड.केट १ थान उपलब्ध गराईएको । | परिक्षण ४९६ जना अप्रेसन ७१ जना |
| ५ | आयुर्वेद शिविर | नभएको | मिति २०७९ वैशाख १६ गते नवलपुर प्राथमीक अस्पतालमा इन्द्रावती ४ मा | परिक्षण २८३ |

| | | | | |
|---|---|---|---|---|
| | | | निशुल्क आयूर्वेदिक शिविर संचालन गरिएको | जना |
| ६ | क्षय/कुष्ठ रोग खोज प्रताल शिविर | नभएको | मिति २०८० वैशाख ३० र ३१ गते भिमटार स्वास्थ्य चौकीमा क्षयरोगको नमुना परिक्षण, छाल (कुष्ठ) रोग को परिक्षण तथा आंखा परिक्षण शिविर संचालन गरिएको | परिक्षण ४७४ जना कुष्ठरोगी १ जना भेटिएको |
| ७ | दिर्घ रोगि औषधि उपचार खर्च | दिर्घ रोगि सिफारिस तथा औषधि उपचारमा नगद रू १५,०००।० । | दिर्घ रोगि सिफारिस तथा औषधि उपचारमा नगद रू १५,०००।० । | ५७ जना |
| ८ | जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा | नभएको | जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम मध्यम र कडा शिघ्र कुपोषित वच्चाको घरमै गएर पहिचान परामर्श तथा सहयोग कार्यक्रम अन्तर्गत सुगर प्रेसरका विरामीहरूको परिक्षण तथा आवश्यक औषधि वितरण प्रत्यक महिनाको २१ देखि २५ गते सम्म । | |
| ९ | एम्बुलेन्स सेवा | निरन्तर | सुत्केरी तथा विपन्न, जेष्ठ नागरिकको लागि एकतफी एम्बुलेन्स सेवा पालिका भित्र नि:शुल्क र पालिका वाहिर ५० प्रतिशत छुट । | |
| १० | रगत खरिदमा अनुदान कार्यक्रम | | पालिकाका नागरिकहरुले उपचारार्थ ब्लड खरिदमा रु ५ हजार अनुदान प्रदान गरिएको छ । | |

## (ख) वहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | सुत्केरी महिला | | चालु आ.ब.मा २४० जना सुत्केरीहरुलाइ पानी जन्य रोगबाट बचाउन तथा पोषणबा वृद्धि गर्न पानि फिल्टर र तरकारी विउ विजन मिनिकिट वितरण गरियो । | |

## ६.उद्योग तथा व्यवसाय प्रबर्द्धन संघ संस्था तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | क्रसर तथा बालुवा प्रशोधन दर्ता | | ५ वटा | |
| २ | उद्योग नविकरण घ वर्गको निर्माण व्यवसाय नविकरण | | १० वटा | |
| ३ | उत्खनन् अनुमति व्यवसाय नया दर्ता | | ४ | |
| ४ | व्यवसाय नया दर्ता | ६७१ | २१ | |
| ५ | व्यवसाय नविकरण | | १५२ | |
| ६ | व्यवसाय नाम सारी | | ३ | |
| ७ | पुजिबृद्धि पुजि घटाउने | | ४ | |
| ८ | खारेजि | | ५ | |
| ९ | प्रलिपि | | ५ | |
| १० | संघ संस्था दर्ता | ४५ | ७ | |
| ११ | संघ संस्था नविकरण | | ९ | |
| १२ | संघ संस्था नविकरण सिफारिस | | ५ | |
| १३ | खानेपानी उपोभोक्ता समिति दर्ता | ९ | १० | |
| १४ | खानेपानी उपोभोक्ता समिति नविकरण | | १ | |
| १५ | बजार अनुगमन | निरन्तर | निरन्तरता दिइएको | |

## ७ कृषि विकास तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १. | साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास ) कार्यक्रम | ३ वटा मकै पकेट विस्तार(वडा नं २,८,९) | ६ वटा मकै पकेट विस्तार (वडा नं २,३,७,८,९,११)<br>२ वटा तरकारी पकेट विस्तार | • आधुनिक प्रविधि विस्तार |
| २. | आधुनिक ट्रस्ट टनेल | ३०वटा | ३६ वटा | • व्यवसायिक तरकारी खेती<br>• उत्पादनमा वृद्दि<br>• आधुनिक प्रविधि विस्तार |
| ३. | आधुनिक कृषि उपकरण वितरण | मिनीटिलर : ३३<br>मल्टि क्रप थ्रेसर : १<br>कम्बाईन मिल : ३<br>पलेट मेसिन: १<br>ब्रस कटर : १<br>डिस्क मिल : १ | मिनीटिलर :३१<br>मल्टिक्रप थ्रेसर : ३<br>डिस्क मिल : २<br>कम्बाईन मिल: ४<br>स्प्रेयर (म्यानुअल) :३०<br>स्प्रेयर (ब्याट्री) : ५<br>चाफ कटर : ३<br>हर्मेतिक ब्याग : १६० | आधुनिक प्रविधि विस्तार |
| ४. | किसान सूचीकरण | कार्य नभएको | १२ वटै वडामा सहजकर्ता नियुक्ति गरी कार्य भईरहेको | कृषि तथा पशु तथ्यांक संकलन गरी सहि किसान पहिचान गर्न |
| ५. | Semi -hightech tunnel | वडा नं १० मा १ वटा | वडा नं ४,५ मा २ वटा | स्थानीयस्तरमै तरकारी,जडिबुटी, फुल घासेबाली तथा फलफूलको स्वस्थ बेर्ना को उपलब्धता |
| ६. | सामुदायिक कृषि यान्त्रिक उपकरण मर्मत केन्द्र स्थापना | कार्य नभएको | २३ जना कृषकलाई १ सेट टुल बक्स सहित ७ दिने तालिम संचालन भएको | कृषक स्तर ७ दिने कृषि यान्त्रिक उपकरण मर्मत तालिम दिई स्वरोजगारको सृजना |
| ७. | उन्नत जातको विउविजन | नियमित रुपमा सिजनल | नियमित रुपमा सिजनल | उत्पादनमा वृद्दि |

| | | | | |
|---|---|---|---|---|
| | वितरण | विउविजन वितरण भएको | विउविजन वितरण भएको | |
| ८. | आकस्मिक रोग किरा व्यवस्थापन | आकस्मिक प्रकोप नियन्त्रणको लागि विभिन्न विषादी खरिद गरि १२ वटै वडामा वितरण भएको | आकस्मिक प्रकोप नियन्त्रणको लागि विभिन्न विषादी खरिद गरि १२ वटै वडामा वितरण भएको | विभिन्न बाली (खाद्यान्न, तरकारी, फलफुल )आकस्मिक प्रकोप नियन्त्रण गरि उत्पादनमा वृद्दि |
| ९. | गड्यौला मल विकास कार्यक्रम | कार्य नभएको | वडा नं ५ मा सुरुवात भएको | प्रांगारिक खेतीलाई जोड दिने उदेश्यले स्थानीय स्तरमा उपलब्ध हुने वनस्पातिक तथा गोठेमलको प्रयोग गरी गड्यौला मल उत्पादन गरी रासायनिक मलको उपयोग न्यूनीकरण गर्न |
| १० | च्याउ खेती प्रवर्द्दन | ५ वडामा २०००-३००० मुढामा सिताके च्याउ खेती गरिएको | ५ नं वडामा ३००० मुढा र ४ नं मा १००० मुढा सिताके च्याउ खेती गरि आयआर्जन र रोजगारी प्रवर्दन ) | व्यवसायिक सिताके च्याउ खेती विस्तारको लागि |
| ११. | मौरीपालन प्रवर्दन कार्यक्रम | कार्यक्रम नभएको | ३० जना कृषकलाई ७ दिने व्यवसायिक मौरीपालन तालिम दिईएको,साथै प्रोत्साहन स्वरूप मौरी सहित को घर र अरु उपकरण वितरण गरिएको | व्यवसायिक मौरीपालन तर्फ उन्मुख गराउन |
| १२. | रासायनिक मल वितरण | वडागत रुपमा सहकारीले वितरण गर्दै आएको | कृषि सामग्री केन्द्र तथा साल्ट ट्रेडिङ कर्पोरेसनले तोकेको परिमाण अनुसार वडागत रुपमा पालिकाबाट नै मलको कोटा विभाजन गरि वितरण भईरहेको | |
| १३. | विभिन्न संस्थाद्वारा गरिएका कार्यहरु (FANSEP,सप्रोस,सु-आहारा ) | प्लास्टिक घर निर्माण, विउविजन वितरण, उपकरण वितरण,कृषक पाठशाला संचालन ,साना सिंचाई | प्लास्टिक घर निर्माण, विउविजन वितरण, उपकरण वितरण,कृषक पाठशाला संचालन ,साना सिंचाई | |

## ८ पशु सेवा तर्फ

| क.सं. | विषय क्षेत्र | यस अवधीमा अघिल्लो वर्षको उपलब्धी | यस वर्षमा हाल सम्मको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | उपचार सेवा कार्यक्रम औषधी खरिद तथा वितरण । | बजेट को कमी भएको कारणले सेवा प्रभाव को लागी समस्या भएको | पुर्णरुपमा कृषकहरुलाई १२ महिना नै बितरण गर्न पुग्ने गरि आवश्यक औषधीहरु भएको | |
| २ | विश्व रेबिज दिवश सप्ताह | कार्यक्रम नभएको | घर पालुवा कुकुरहरुमा रेबिज बिरुद्व को खोप सेवा संचालन | |
| ३ | पशु बिमा कार्यक्रम | गाउँपालिका भरिका ठुलो र सानो पशुको बिमा गरेको | गाउँपालिका भरिका ठुलो र सानो पशुको बिमा गरेको | |
| ४ | पशुपंछि पालन व्यवसायमा ब्याजको ५०% अनुदान | बैक लघुवित्त तथा सहकारी संस्था सँग ऋण लिगि पशु पंछि पालन गरेको फर्मलाई ब्याजमा ५० % अनुदान बितरण | कार्यक्रम नभएको | |
| ५ | पशु स्वास्थ्य शिबिर | कार्यक्रम नभएको | वडा नं. ९ र १० मा ६ सय भन्दा बढी कृषकहरुलाई परजिवि बिरुद्व निः शुल्क औषधी तथा गोबर परिक्षण र औषधीहरु बितरण गरेको । | |
| ६ | कृतिम गर्भाधान कार्यक्रम | कृति गर्भाधानको लागी खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना सँग साझेदारी गरि आवश्यक सामान खरिद भएको | गाई र भैसीमा कृतिम गर्भाधान कार्यक्रम गाउँपालिका भरि नै संचालन गरिएको । | हाल सम्म गाई मा १३ भैसी मा ५ |
| ७ | प्रति लिटर दुधमा अनुदान कार्यक्रम | प्रति लिटर दुधमा रु २ रुपैया अनुदान | प्रति लिटर दुधमा रु ४ रुपैया अनुदान | सहकारी संस्था मार्फत संकलन भएको दुध लाई अनुदान वितरण गरिएको |
| ८ | कृषक समुह उन्नत जातको बोका बितरण | कार्यक्रम नभएको | कृषक समुह तथा बाखा पालन फर्म संचालक कृषकहरुलाई उन्नत बोका बितरण । | आवश्यक कार्यक्रम सम्पन्न भएको भुक्तानि दिन बाँकी |

| | | | | |
|---|---|---|---|---|
| ९ | बंगुर प्रर्द्धन कार्यक्रम | कार्यक्रम नभएको | बंगुर पालन गर्ने १० वटा फर्महरुलाई खोर सुधारको लागी ५०% अनुदान बितरण । | आवश्यक कार्यक्रम सम्पन्न भएको भुक्तानि दिन बाँकी |
| १० | व्यवसायीक फर्म संचालन गर्ने फर्म तथा कृषक समुहलाई प्रवर्द्धन कार्यक्रम | कार्यक्रम नभएको | गाई भैसी तथा बाखा पालन गर्ने १२ वटा फर्महरुलाई खोर सुधारको लागी ३०% अनुदान बितरण । | आवश्यक कार्यक्रम सम्पन्न भएको भुक्तानि दिन बाँकी |
| ११ | चिलिङ भ्याट स्थापना | कार्यक्रम नभएको | वडा नं. १० मा चिलिङ भ्याट को स्थापना गरेको | |
| १२ | बिमा गरेको गाई भैसीलाई सुत्केरि स्याहारको लागी क्याल्सीयम र मिनरल बितरण | कार्यक्रम नभएको | गाउँपालिका भरिको २०० वटा बिमा गरेको गाई र भैसीलाई क्याल्सीयम र मिनरल बितरण गरेको | कार्यक्रम को सुचना प्रकाशन भएको समयमा पहिलो पटक आउने कृषकहरुलाई बितरण गरेको । |
| १३ | पि.पि.आर खोप संचालन | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सँग साझेदार गरि ५ हजार बाखाहरुमा खोप संचालन गरिएको | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र आद्य तथा पोषण सुरक्षा सुधार आयोजना र पशु सेवा शाखा को आर्थिक र प्राबिधिक सहयोगमा गाउँपालिका भरिको बाखाहरुमा ३० हजार डोज खोप सेवा संचालन गरेको । | |

## ९ महिला वालवालिका तथा सामाजिक समावेशीकरण तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलब्धी | यस वर्षमा हाल सम्मको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | अपांगता परिचय पत्र अपांगता | ५०४ | १०९ | |
| २ | पुर्ण अपांगता क वर्ग | १६२ | २१ | |
| ३ | अर्ति अशक्त ख वर्ग | १९० | ३४ | |
| ४ | मध्म अपांगता ग वर्ग | ८१ | १४ | |
| ५ | सामान्य अपांगता घ वर्ग | ३८ | २ | |
| ६ | जेष्ठ नागरिक परिचयपत्र वितरण | ७८१ | ४० | |
| ७ | बाबु आमा विहिन बालबालिका संरक्षण | | सूचना प्रकाशन | |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | | | |
| ८ | बाल विवाह अन्त्यका लागि समुदाय परिचालन | | सूचना प्रकाशन | |
| ९ | अपागता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रम | | सम्पन्न | |

## १० सामाजिक सुरक्षा तथा पंजिकरण तर्फ

व्यक्तिगत घटना दर्ताको संक्षिप्त विवरण

| क्र सं | विवरण | आ व २०७८।७९ | | | २०७९।०२।०९ देखि २०८०।०२।८ सम्म | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| १ | जन्म | ७६४ | ७५२ | १५१६ | ५८७ | ५७६ | ११६३ | |
| २ | मृत्यु | २०९ | १८८ | ३९७ | १४४ | १४३ | २८७ | |
| ३ | सम्बन्ध विच्छेद | | | ३० | | | ४७ | |
| ४ | विवाह | | | ७९५ | | | ४७२ | |
| ५ | बसाई सरी आउने | | | ११ | | | ९ | |
| ६ | बसाई सरी आउने | | | ४६ | | | ५० | |
| जम्मा | | | | २७९५ | | | २०२८ | |

## ११ सहकारी तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | सहकारी दर्ता | १५ वटा | यस अवधिमा नयाँ २ वटा दर्ता (डिभिजन सहकारी कार्यालयबाट हस्तान्तरण भइ आएका समेत गरी हाल सम्म जम्मा ७१ वडा सहकारी संस्था रहेको) | |
| २ | सहकारी नविकरण | | ७ वटा | |
| ३ | सहकारी स्थलगत अनुगमन | नभएको | ४१ वटा | |
| ४ | कोपोमिसमा आवद्ध | १० वटा | १४ वटा | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सहकारी व्यवस्थापन सुचना प्रणाली तालिम | | सम्पन्न | |
| ६ | सहकारी नियमन र डकुमेन्टेशन | | सम्पन्न | |
| ७ | सहकारी एकीकरण प्रोत्साहन कार्यक्रम | | सम्पन्न | |
| ८ | सहकारी अवलोकन भ्रमण | | सम्पन्न | |
| ९ | साना किसान सहकारी प्रबर्द्धन कार्यक्रम | | सम्पन्न | |

## १२ जिन्सी तथा आन्तरिक व्यवस्थापन

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | जिन्सी निरिक्षण | | सबै वडा तथा पालिकाको आ.व. २०७८।०७९ को जिन्सी निरिक्षण गरिएको | |
| २ | मर्मत सम्भार | | मौज्दात जिन्सी सामाग्रिहरुलाई नै भरपुर उपयोग गर्न सबै वडा तथा पालिकामा बिग्रिएका कम्प्युटर र प्रिन्टर मर्मत गरी सञ्चालनमा ल्याइएको । | |
| ३ | सहायक जिन्सी खाता | | जिन्सी सामाग्रिहरुको व्यवस्थित अभिलेखीकरण तथा जनप्रतिनिधी कर्मचारीहरुले प्रयोग गरेका कार्यालय सामाग्रिहरुको सहायक जिन्सी खाताको व्यवस्थापन गरिएको | |
| | व्यवस्थित भण्डारण | | जिन्सी सामागहरुको व्यवस्थित भण्डारण कक्षको व्यवस्था गरिएको । | |

## १३ सूचना प्रविधि

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | फ्रि वाइफाइ जडान | नभएको | गाउँपालिकाको कार्यालय, नवलपुर बजार, | |

| | | | | |
|---|---|---|---|---|
| | | | सबै विध्यालय तथा स्वास्थ्य संस्थाहरुमा Free WiFi को व्यवस्था गरिएको छ । | |
| २ | नवलपुर बजारमा Digital Board को व्यवस्था | नभएको | सार्वजनिक सूचना प्रवाहको लागि नवलपुर बजार क्षेत्रमा Digital Board को स्थापना तथा संचालनमा ल्याइएको छ । | |
| ३ | CCTV जडान | गाउँपालिका कार्यालयमा मात्र | गाउँपालिका कार्यालय तथा नवलपुर बजारको मख्य मुख्य चोकहरुमा CCTV जडान गरिएको | |
| ४ | Digitalization | सिमित | गा.पा. का सम्पूर्ण क्रियाकलापहरुलाइ Digital माध्यमबाट कार्य सम्पादनलाई व्यापक गर्ने प्रयास गरिएको । | |

## १४ ऐन तथा कानुनहरु

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलब्धी (२०७९ बैशाख सम्म) | यस वर्षमा हाल सम्मको उपलब्धी | हाल सम्म जम्मा |
|---|---|---|---|---|
| १ | नियमावली तथा कार्यविधी | ४६ वटा | २२ | ६८ |
| २ | निति | १ | ४ | ५ |
| ३ | ऐन | ३९ | १० | ४९ |
| ४ | मापदण्ड, निर्देशिका, कार्ययोजना | २४ | ३ | २७ |
| हाल सम्म जम्मा ऐन नियम संख्या | | ११० | ३९ | १४९ |

## १५ वातावरण तथा विपद व्यवस्थापन

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलब्धी | यस वर्षमा हाल सम्मको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | विपद सामाग्री | आंसिक भएको | ४७ प्रकारका विपद सामाग्री वोलपत्र मार्फत खरिद भइ मौजुदा रहेको | |
| २ | विपद व्यवस्थापन समितिहरु | गपा स्तरमा मात्र | सबै वडा स्तरमा विस्तार भइ क्रियाशिल रहेको | |
| ३ | आपतकालिन उद्धार केन्द्र | नभएको | आपतकालिन उद्धार केन्द्र संचालनमा रहेको | |

| | | | | |
|---|---|---|---|---|
| ४ | राहत वितरण | निरन्तर | विपद प्रभावित व्यक्ति संरचना र पूर्वाधारको राहत तथा पुर्न निर्माण गरिएको । | |

## १६ न्यायिक कार्य

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलब्धी | यस वर्षमा हाल सम्मको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | बैठक | | गाउपालिकामा रहेको न्यायिक समितिको बैठक हाल सम्म १४ वटा सम्पन्न गरिएको छ । | |
| २ | सुचिकृत मेलमिलापकर्ता | | आ ब ०७९/८० मा ७१ जना मेलमिलापकर्तालाइ गाउपालिकाको न्यायिक समितिमा सुचिकृत गरिएको छ । | |
| ३ | मेलमिलाप केन्द्र | | १२ वटै वडामा वडा तहको मेलमिलाप केन्द्र गठन गरि संचालनमा रहेको छ । | |
| ४ | अभिमुखीकरण कार्यक्रम | | गाउपालिकाका सम्पूर्ण जनप्रतिनिधि र न्यायीक समिति बीच ०७९भदौ ३१ मा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। | |
| ५ | चिनो हस्तान्तरण | | गाउपालिकामा सुचिकृत मेलामिलापकर्ताहरुका लागि पहिचान झल्किने परिचय पत्र तथा गाउपालिकाको लोगो सहितको क्याप टोपी हस्तान्तरण गरिएको छ। | |
| ६ | पुनर्ताजगी तालिम | | गाउपालिकामा सुचिकृत मेलामिलापकर्ताहरुका लागि क्षमता अभिब्रिद्दी गर्नका लागि ०७९ पुस १७ देखि १९ सम्म पुनर्ताजगी तालिम सम्पन्न गरियो । | |
| ७ | संयुक्त बैठक | | १२ वटै वडाका मेलमिलाप संयोजक र न्यायिक समिति बीच ०७९ माघ २० मा संयुक्त बैठक सम्पन्न गरियो । | |
| ८ | अध्यन अवलोकन भ्रमण | | १२ वटै वडाका मेलामिलापकर्ताहरुबाट छनौट गरिएका मेलमिलापकर्ताहरु र न्यायिक समितिको न्यायिक कार्य सम्पादन सम्बन्धि अध्ययन अवलोकन भ्रमण कार्यक्रम ०७९ फाल्गुन १५ देखि १९ सम्म सम्पन्न गरियो । | |
| ९ | अनुगमन साथै अन्तरक्रिया | | १२वटै वडामा मेलमिलापकेन्द्र अनुगमन साथै अन्तरक्रिया कार्यक्रम ०७९ चैत १३ देखि २६ सम्म सम्पन्न गरियो । | |

| | | | | |
|---|---|---|---|---|
| १० | सचेतना कार्यक्रम | | १२ वटै वडाका वडा सचिव र मेलमिलाप संयोजकहरुका लागि वडा तहमा न्यायिक कार्य सम्पादन सम्बन्धि साथै अभिलेखीकरण सम्बन्धि सचेतना कार्यक्रम ०८० बैसाख २६ मा सम्पन्न गरियो । | |
| ११ | सामग्री वितरण | | १२ वटै मेलमिलाप केन्द्रका लागि न्यायिक कार्य सम्पादन संग सम्बन्धित विभिन्न सामग्री वितरण कार्य सम्पन्न गरियो | |
| १२ | विवाद दर्ता | | १३ वटा | |
| १३ | विवाद समाधान | | ६ वटा | |
| १४ | छलफलमा रहेको विवाद | | ७ वटा | |
| १५ | मेलमिलापकर्ताको अवस्था | | गाउपालिकाको न्यायिक समितिमा सुचिकृत सबै मेलमिलापकर्ताहरु सक्रिय रुपमा रहेको र न्यायिक समितिले आयोजना गरेका सबै कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाइरहेको साथै वडा तहको मेलामिलापकेन्द्रहरुमा आउने विवादहरुमा वडाका जनप्रतिनिधिहको सल्लाह बमोजिम विवादहरुलाई किनारा लगाउने गएको छ । | |

## **१७ प्रधानमन्त्री रोजगार कार्यक्रम**

| क.स | विषय क्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १ | कामका लागि पारिश्रमिक (नेस) र<br>कामका लागि पारिश्रमिक आ.डि.ए बिश्व बैंक | १,२८,२७,०००। | ५७९९०००। | |
| २ | बेरोजगार सूचीकरणको संख्या | १६७५ | १३६८ | |
| ३ | सामुदायिक योजना सञ्चालन | ४५ | २४ | |
| ४ | सामुदायिक योजना सम्पन्न | ३७ | १६ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | कामदार परिचालन र रोजगारी श्रृजना | ४७६ | १०६ | |
| ६ | हाल सम्म पारिश्रमिक भुक्तानी | १,२८,२७,०००। | ३२,९६,५००। | |

## १८ लघु उद्यम विकास कार्यक्रम

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| १. | मेड्पा कार्यक्रम बारे जाकारी | वडा न ७ देखी १२ सम्म २ वटा कार्यक्रम गरियो | वडा नं. १ देखी ३ सम्म ३ वटा कार्यक्रम गरियो | सम्पन्न |
| २. | उद्यमशिलता विकास तालिम | वडा न ७ देखी १२ सम्म २ वटा कार्यक्रम गरियो | वडा नं. १ देखी ३ सम्म ३ वटा कार्यक्रम गरियो | लघु उद्यमी समुह गठन गरियो |
| ३. | सिलाई कटाई तालिम सहित प्रविधिमा सहयोग । | वडा नं. ७, ८, ९, १०, मा एड्भान्स तालिम तथा प्रविधि हस्तान्तरण र ११ मा वेसिक सिलाई तालिम सञ्तालन | ११ मा एड्भान्स सिलाई तालिम सञ्तालन तथा प्रविधि हस्तान्तरण । | तालिम सञ्चालन गरी रोजगारको सृर्जना । |
| ४. | डल तथा कृस्टल तालिम | वडा न ७ मा | | रोजगारको सृर्जना |
| ५. | होजियारी तालिम | वडा न १२ | | रोजगारको सृर्जना |
| ६. | च्याउँ तालिम | | वडा नं. १ मा | च्याउँ सम्बन्धी सिप हासिल भएको |
| ७. | गलैचा तालिम | | वडा नं. ३ मा | रोजगारको सृर्जना |
| ८. | मौरीपालन तालिम | | वडा न १ देखी १२ सम्म का उद्यमी हरुलाई | रोजगारको सृर्जना |

## १९ राजश्व तथा आन्तरिक आम्दानी तर्फ

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको उपलव्धी | यस वर्षमा हाल सम्मको उपलव्धी | कैफियत |
|---|---|---|---|---|
| | ढुङ्गा गिट्टी बालुवा राजश्व | | ७ करोड | |
| | अन्य आन्तरिक आम्दानी | | ७० लाख | |

# २० समग्र आय तथा व्ययः

| क.स | विषयक्षेत्र | यस अवधिमा अघिल्लो वर्षको आय | य यस अवधिमा अघिल्लो वर्षको व्यय | हाल सम्मको आय | हाल सम्मको व्यय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | ११३१०० | ४२००३८ | ११९३२५ | ५३०२४० | २६% भन्दा बढी वीत्तिय प्रगती |
| २ | संघिय सशर्त अनुदान | १६५७२१ | | १६३३२५ | | |
| ३ | संघिय समपुरक अनुदान | २०७०० | | १०००० | | |
| ४ | संघिय विशेष अनुदान | ८३०० | | ७५०० | | |
| ५ | प्रदेश समानिकरण अनुदान | ९८८२ | | ११८१० | | |
| ६ | प्रदेश समपुरक अनुदान | १५००० | | १५००० | | |
| ७ | प्रदेश विशेष अनुदान | ४३५० | | ७५०० | | |
| ८ | संघिय राजश्व बाँडफाँड | ६१५१६ | | ५१५३२ | | |
| ९ | प्रदेश सवारी साधन कर बाँडफाँड | २०००० | | २०३०० | | |

# आगामी वर्षको कार्य योजना

- गाउँपालिका भित्रका कुल सडक मध्ये ४० कि मि सडक कालोपत्रे
- ग्रावेल सडक १०० कि मि मा पुर्याउने ,
- सहकारी मार्फत कृषकको उत्पादनमा वृद्धि उत्पादकत्वमा वृद्धि  प्रशोधन र बजारीकरण,
- बाझो जमिनलाई भाडामा लिइ उत्पादन बृद्दी गरिने ,
- इन्द्रावती बृहत खानेपानी आयोजना  सम्पन्न गरी ४४०० घरधुरी एक घर एक धारा पुर्याइने।
- व्यवसायिक मुलक कृषि फर्म र पशुपंक्षि फर्म स्थापनामा जोड,
- बिउ उत्पादनमा अनुदान (धान, मकै, मास, घास, फलफुल),
- रसायनिक मल ढुवानीमा अनुदान,
- व्यवशायिक कृषकलाई कृषि अनुदान,
- सहकारी मार्फत उत्पादनको उत्पादिकत्व बृद्दी, सुरक्षित ढुवानी, भण्डारण, बजारीकरण,
- टार, बेसीहरुमा सतह र लिप्ट सिंचाई,
- पशु बिमा कार्यक्रमलाइ निरन्तरता,
- यस आ.वमा संचालित स्वास्थ्य क्षेत्रका  कार्यक्रमहरुलाइ  निरन्तरता,
- गाउँपालिकामा आयुवेर्दिक स्वास्थ्य केन्द्र स्थापना,
- कक्षा ८ र १० कक्षाको शैक्षिक गुणस्तरमा सुधार गर्न ३ महिना आवशिय सुविधा,
- आधारभूत तहमा स्थानीय  पाठ्यपुस्तक लागु गर्ने,
- जडिबुटी उत्पादन, प्रशोधन, वजारिकरण गर्ने,
- मासु विक्रिमा अनुदान,

- परम्परागत माहुरीपालन सुधार कार्यक्रम,
- कृषि औजार उपकरण मर्मत केन्द्र स्थापना,
- मोटसाइकल जीप ट्रक वस टेम्पो मर्मत तालिम र व्यवशायिक योजना
- महिला उद्यमशिलता कार्यक्रम (मसला, दालमोठ, क्यान्डि,जाम ) आदी लघु उद्यम तालिम ।
- दुधको अनुदानमा निरन्तरता ,
- उत्कृट कृषक सम्मान कार्यक्रम ,
- किसान सुचीकरण र कृषक परिचय पत्र वितरण ,
- जापान ,दक्षिण ,कोरीया ,जर्मन र स्केनडेभियन मुलकमा रोजगारीमा जाने यूवाहरुलाई प्रतिष्पधात्मक  परिक्षा लिइ निशुल्क भाषा शिक्षा प्रदान ,
- सिमान्तकृत समुदाय दलित समुदाय विपन्न तामाङ समुदायका वालवालिकाहरुलाइ निशुल्क लोक सेवा ,आयोग शिक्षा सेवा आयोग तयारी कक्षाका लागी अनुदान दिने ।
- गाउँपालिका भित्रका योग्य शिक्षकहरु मध्येवाट आन्तरिक प्रतिश्पधात्मक परिक्षावाट प्र.अ छनौट ,
- लैगिक उत्तरदायि वजेटलाइ कडाइका साथ लागु गरिने ,
- एक वडा एक गौरवका योजना र पालिकाका गौरवका योजना छनौट गरि कार्यान्वयन गरिने ,
- टुहुरा वालवालिका र अपाँङ्गता नागरिक संग अध्यक्ष कार्यक्रम संचालन गरिने ,
- जेष्ठ नागरिक महिला, विधवा महिला,र एकल महिला सँग उपाध्यक्ष कार्यक्रम संचालन गरिने ।

- यस गाउँपालिकामा जिल्ला स्तरिय अध्यक्ष कप फुटवल र भलिवल प्रतियोगिता कार्यक्रम संचालन गरिने।
- यस गाउँपालिकामा जिल्ला स्तरिय शिक्षक भलिवल प्रतियोगिता संचालन गरिने
- नौलिङ्गेश्वर महादेव मन्दिरमा  धार्मिक पर्यटन वृद्धि गर्न लिंफ्ट खानेपानी योजना संचालन गरिने।
- गुफाडाँडा लगायतका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरिने।